बैठक संख्याः ०७ - ०७८/७९ मितिः २०७८/१०/०९

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १ः पिपलनेटा घुल्टुङ्ग खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. २ः जोहाङ्ग जुनियाँ लिफ्टिङ्ग खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. ३ः लिम्घा खानेपानी योजना सम्बन्धमा ।

प्रस्ताव नं. ४ः हेभि इक्युप्मेन्टको दर भाउ सम्बन्धमा ।

प्रस्ताव नं. ५ः जनता मा.वि. को बस सञ्चालन अनुदान सम्बन्धमा ।

प्रस्ताव नं. ६ः करार कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६ को संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ७ः करार शिक्षक छनौट कार्यविधि स्वीकृत सम्वन्धमा ।

प्रस्ताव नं. ८ः जेनेरेटर खरिद सम्वन्धमा ।

प्रस्ताव नं. ९ः राजश्व सुधार योजना, क्षमता विकास योजना, संगठन तथा व्यवस्थापन सर्वेक्षण, आवधिक योजना, मध्यकालिन खर्च संरचना तयार, श्रोत व्यवस्थापन सम्वन्धमा ।

प्रस्ताव नं. १०ः विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १०: प्रस्ताव नं. १० माथी छलफल गर्दा निम्नानुसारको निर्णयहरु गरियो ।

विविध (क) : यस गाउँपालिकाका निम्नानुसारका ठाउँहरुमा ह्युम पाईप वितरण गर्ने निर्णय गरियो ।

| क्र.सं | वडा नं | ठाउँको नाम | मोटाई | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | भण्डारी पोखरा | ६० | ४ | |
| | | धवादी | ४५ | २ | |
| २ | २ | | ४५ | ४ | |
| | | | ३० | २ | |
| ३ | ३ | | ३० | ४ | |
| ४ | ४ | लिम्घ-शाहाघाट | ६० | ४ | |
| | | | ३० | २ | |
| ५ | ५ | | ४५ | ३ | |
| | | | ३० | २ | |
| ६ | ६ | | ६० | २ | |
| | | | ३० | २ | |
| | ६ | | ४५ | ३ | सापटी |
| ७ | ७ | | ४५ | ४ | |
| | | फुर्लुङ्ग बाटो जुनियाँ | ६० | ३ | |
| ८ | ८ | | ३० | २ | |
| | | भार्से बाटो जोहाङ्ग | ६० | ३ | |
| | | | | ४६ | |

(ख) युवा तथा खेलकुद मन्त्रालयको मिति २०७८/०९/१९ मा प्रकाशित सुचना अनुसार आ.व. ०७९/०८० का लागि लागत साझेदारीमा सत्यवती खेलकुद रंगशाला निर्माणको लागि वजेट माग गर्ने निर्णय गरियो ।

(ग) आ.व. २०७८/०७९ मा तपसिलका आयोजनाहरु प्रदेश समपुरक योजनाको रुपमा स्वीकृत भएका, योजनाहरुको कार्यान्वयनको प्रकृया सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट आवश्यक निर्णयार्थ पेश भएको र समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ को दफा ११ अनुसार स्थानीय समुदाय तथा उपभोक्ताहरुबाट लागत साझेदारी गरिएको अवस्थामा बाहेक अन्य अवस्थामा उपभोक्ता समिति मार्फत गर्न गराउन नपाइने स्पस्ट व्यवस्था भएकोमा जनशक्ती अभावको कारण ठेक्कामा लान

अध्यक्ष

नसकिएको, एउटै स्किमका विभिन्न खण्डमा काम गर्नु पर्ने र वडाका जनप्रतिनिधि बीच आ-आफ्नो वडाका खण्डहरुमा उक्त बजेट लैजाने कुरामा कुरा नमिल्दा समयमा नै योजनाको कार्य संचालन गर्न नसकिने अवस्था रहेको, चुनावको कार्यक्रम नजिकिदै गएको, आयोजना जसरी पनि संचालन गर्नु पर्ने बाध्यात्मक अवस्था रहेको, इन्जिनियर नियुक्त गरी बोलपत्रमा लैजादा समय अभाव हुने यावत कुराहरुलाई मध्य नजर गरी चालु आ.व. मा यस गाउँपालिकामा रहेको समपुरक योजनाहरुको कार्यान्वयन उपभोक्ता समिति मार्फत संघीय सार्वजनिक खरिद ऐनको परिधभित्र रही संचालनमा लैजाने सम्बन्धमा यस कार्यपालिकाको बैठकबाट सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

१. गाउँपालिका स्तरिय खेल मैदान निर्माण

२. चेहेमी थुम्का देउराली मो.बा. स्तरोन्नती

३. मध्य सत्यवती सडक स्तरोन्नती

४. बढिगाड खोला तटबन्ध

५. सत्यवती बहुमुखी क्याम्पस वाल निर्माण

(घ) सबै प्रस्ताव उपर छलफल गर्न समय अभावका कारण नसकिएकोले आजको बैठक यही स्थगित गरी मिति २०७८/१०/१० गते विहान ८:०० बजे बस्ने निर्णय गरियो ।

पार्थिश्वर ढकाल
अध्यक्ष